## प्रेस विज्ञप्ती

# सिद्धार्थ बैंकद्वारा नेपाल आँखा अस्पताललाई आँखा शल्यक्रियाका लागि आर्थिक सहयोग

वैशाख ०८, २०८०, काठमाडौं

सिद्धार्थ बैंक लिमिटेडले काठमाडौं जिल्लाको त्रिपुरेश्वरमा अवस्थित नेपाल आँखा अस्पताललाई आँखा शल्यक्रियाको लागि रु. पाँच लाख बाह्र हजार पाँच सय रूपैयाँ आर्थिक सहयोग प्रदान गरेको छ। सो रकम बैंकका तर्फबाट त्रिपुरेश्वर सर्कल अफिस प्रमुख श्री अजय सिंह भण्डारी ज्यूले नेपाल आँखा अस्पतालका अध्यक्ष डा. गोपाल प्रसाद पोखरेल ज्यूलाई हस्तान्तरण गर्नुभएको हो ।

बैंकबाट प्राप्त उक्त सहयोग रकम नेपाल आँखा अस्पतालले काभ्रेपलाञ्चोक, धादिङ्ग, नुवाकोट र रसुवा जस्ता दुर्गम क्षेत्रका मोतिबिन्दु रोगीहरुको पहिचान गरि उहाँहरुको आँखा शल्यक्रिया गर्नका लागि उपयोग गर्नेछ । सो सहयोगबाट आर्थिक स्थिति कमजोर भएर मोतिबिन्दु रोगको उपचार गर्न नपाइरहनुभएका विरामीहरुको दृष्टि सुधार गर्न मद्दत पुग्ने विश्वास बैंकले लिएको छ ।

बैंकले विभिन्न सामाजिक कार्यहरूमा सहभागिता जनाउदै आएको छ र आगामी दिनहरुमा पनि यस्ता सामाजिक कार्यहरुलाई सधैं आफ्नो उच्च प्राथमिकतामा राखी निरन्तरता दिंदै जाने उद्देश्य बैंकको रहेको छ ।